# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिक शास्त्र सङ्काय
# डीनको कार्यालय, बल्खु, काठमाडौं ।

**मितिः २०७९/०५/३१**

**दर्शनाचार्य-विद्यावारिधि (M Phil–PhD) कार्यक्रम अन्तर्गत अनलाइन आवेदन फाराम भर्ने म्याद थप गरिएको संशोधित सूचना**

त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायद्वारा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि (M Phil–PhD) तथा विद्यावारिधि (PhD) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०७९ (2022) का लागि डीन कार्यालयले तोकेका विभिन्न विषयहरूमा भर्ना भई अध्ययन गर्न चाहने विद्यार्थीहरूका निमित्त प्रवेश परीक्षाको अनलाइन आवेदन फाराम भर्ने अन्तिम म्याद २०७९ साल भाद्र २४ गतेसम्म रहेकामा २०७९ साल कात्तिक मसान्तसम्मका लागि म्याद थप गरिएको (दोब्बर दस्तुरमा २०७९ मङ्सिर ०७ गतेसम्म) व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, उक्त प्रवेश परीक्षाको विस्तृत कार्यक्रम देहाय बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

विद्यार्थीद्वारा भर्ना हुन चाहेको विषय तथा अध्ययन गर्न चाहेको केन्द्रीय विभाग/विभागको नाम उल्लेख गरी यस सङ्कायको वेवसाइट www.tufohss.edu.np मा अंकित https://entrance.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन ।

- **आवेदन फाराम भर्ने समयावधि :** मिति २०७९ साल कार्तिक ३० गते राति १२:०० बजेसम्म र विलम्ब शुल्कमा २०७९ मङ्सिर ०७ गते राति १२:०० बजेसम्म ।
- **आवेदन दस्तुर :** रू. ५०००/- (परीक्षार्थीले सम्बन्धित केन्द्रीय विभाग/विभागको नाममा रहेको बैंक खातामा जम्मा गरी सो को भौचर Upload गर्नु पर्ने)
- **प्रवेश परीक्षा मिति :** २०७९ साल मङ्सिर १७ गते शनिवार (विहान ११:००बजेदेखि दिउँसो २:०० बजेसम्म)।
- **परीक्षा केन्द्र** : विश्वविद्यालय क्याम्पस, त्रि.वि. कीर्तिपुर ।
- एमफिल पूरा गरेका विद्यार्थीहरुले विद्यावारिधि तहमा आवेदन दिनका लागि यस डीन कार्यालयको ने.बै.लि., कीर्तिपुर शाखामा रहेको खाता नं. ०४५००१०००९९०४५०००००१ मा रू. १५,०००/- (अक्षरेपी रू. पन्ध्र हजार मात्र) बुझाएको बैंक भौचर आवेदनसाथ पेस गर्नुपर्ने छ ।
- सम्बन्धित विभाग तथा कार्यक्रमहरूले परीक्षार्थीहरूले अनलाइन मार्फत भरेको आवेदन फाराम र स्वीकृत विषयहरू डीन कार्यालयले उपलब्ध गराएको निर्देशिका बमोजिम रुजु गरी परीक्षार्थीहरूको नामावली तथा प्रवेश परीक्षा शुल्कको एकमुष्ट रकम यस कार्यालयको नाममा रहेको बैंक खातामा जम्मा गरी सक्कल भौचर २०७९ साल कात्तिक मसान्तभित्र यस कार्यालयमा पठाउनु पर्नेछ । फाराम स्वीकृत भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०७९ साल मङ्सिर १२ गतेदेखि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://entrance.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् ।

अन्य विस्तृत जानकारी यस सङ्कायको वेबसाइट www.tufohss.edu.np मा पूर्व प्रकाशित सूचना (२०७९/०४/२५) अनुसार हुने व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

**सहायक डीन**